## मिति २०८०/०३/२२ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

**निर्णय नं. १**

यस नेपालगंज उप-महानगरपालिका न्यायिक समिति सदस्य निर्वाचनका लागी मिति २०८०/०३/२३ गते शनिबारका दिन निर्वाचनको मतदान कार्यक्रम तोकिएकोमा उक्त दिन हुने निर्वाचनको मतदान कार्यक्रमलाई उम्मेदवारको नामावलीलाई यथावत राखी सो मतदान मिति २०८०/०४/२१ गते विहान ११:०० बजे आईतबारका दिन गर्न निर्वाचन समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २**

यस नेपालगंज उप-महानगरपालिका अन्तर्गत वडा नं. १२ कोरियनपुरमा रहेको शिव भैरव मार्गमा आर्थिक वर्ष २०७८/७९ मा नगरपालिकाको योजनाबाट सडक विस्तार गर्ने क्रममा मिथुन वाल्मिकीको घर भत्कन गएकोमा पूननिर्माण गर्न निज अति गरिब तथा विपन्न भएको कारणले वडा कार्यालयबाट खर्च लेख्ने गरी प्राविधिक मूल्याङ्कनको आधारमा क्षतिपूर्ति स्वरुप आ.व. २०७९/८० को वडा कार्यालयको बजेटबाट नियमानुसार खर्च लेख्ने गरी अधिकतम रु.१५०००० (एक लाख पचास हजार मात्र) नबढ्ने गरी पिडितलाई क्षतिपूर्ति दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

यस नेपालगंज उप-महानगरपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना, २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

WHO South East Asia को आयोजना तथा GIZ को आर्थिक सहयोगमा मिति २०८०/०४/०८ देखि २०८०/०४/११ गते सम्म बैङ्कक थाईल्याण्डमा संचालन हुने Regional meeting on health care waste management in the WHO South-East Asia Region, Bankok, Thiland, 24-27 July 2023 मा सोको आर्थिक व्ययभार यस कार्यालयलाई नपर्ने गरी सहभागीताका लागी यस नेपालगंज उप-महानगरपालिका नगर प्रमुख श्री प्रशान्त बिष्टलाई सहमती प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

यस नेपालगंज उप-महानगरपालिकाका अन्तर्गत वडा नं. २० मा रहेको जय जनता मा.वि थपुवा नयाँ वस्तीको को पत्रानुसार विद्यालयको प्राविधिक धार संचालनका लागी आर्थिक अभाव भै नियमीत गर्न समस्या परेको हुँदा सो विद्यालय संचालन खर्च वापत अन्तिम पटकका लागी रु. ९,००,००० (नौ लाख रुपैया मात्र) आगामी आ.व.को कार्यक्रममा समावेश गरी भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ६**

यस नेपालगंज उप-महानगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृतीका लागि नेपालगंज उप-महानगरपालिका नगरसभाको १३ औ अधिवेशको दोस्रो बैठकमा पेश गर्ने निर्णय गरियो ।

## मिति २०८०/०३/२२ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

निर्णय नं. ७

यस नेपालगंज उप-महानगरपालिकाका सम्पूर्ण वडाहरुका सार्वजनिक स्थानहरुमा धारा जडान गर्ने भनि मिति २०८०/०१/१४ नगरकार्यपालिकाको निर्णय भएकोमा उक्त धाराहरु प्रत्येक वडाहरुलाई २/२ वटाको दरले वडा कार्यालयको सिफारिस र बाँकी धाराहरु नगर प्रमुख तथा उप-प्रमुखको सिफारिसको आधारमा गरिव तथा विपन्न वर्गका व्यक्तिहरुलाई वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

यस नेपालगंज उप-महानगरपालिका अन्तर्गत वडा नं. ४ मा रहेको शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रबाट संचालन हुने प्रयोगशाला परीक्षण (LAB TEST) को सेवामा शुल्क निर्धारण सम्बन्धमा छलफल हुँदा भेरी अस्पत्तालले लिने शुल्कलाई आधारमानी सो शुल्कमा २० प्रतिशत न्युन गरी दर प्रस्ताव गर्न स्वास्थ्य महाशाखालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ९

चालु आ.व. २०७९/८० मा नगरकार्यपालिका तथा वडा कार्यालयहरुबाट संचालित २०८० आषाढ १० गतेसम्म म्याद भएका सवै योजनाहरुलाई म्याद थपका लागी माग भै आएमा २०८० आषाढ २२ गते सम्म म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

यस नेपालगंज उप-महानगरपालिका अन्तर्गत तपसिल बमोजिमका वडा समितिबाट भएका शहरी तथा ग्रामिण क्षेत्र वर्गिकरण सम्बन्धि निर्णयहरु पारित गर्ने निर्णय गरियो ।

तपसिल

१. वडा नं. २ को निर्णय :- नेपालगंज उप-महानगरपालिका भूमिहिन दलित भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी सेवा केन्द्रको च.नं. ४०६५, मिति २०७९/१२/२० गतेको प्राप्त पत्रानुसार यस वडा नं. २ को सम्पूर्ण क्षेत्रलाई शहरी क्षेत्र निर्धारण गर्ने सर्वसम्मत निर्णय गरियो ।

२. वडा नं. ३ को निर्णय :- यस नेपालगंज उप-महानगरपालिका वडा नं. ३ लाई शहरी क्षेत्र घोषणा गर्नका लागी नेपालगंज उप-महानगरपालिका नगरकार्यपालिलाई अनुरोध गर्ने निर्णय गरियो ।

३. वडा नं. ४ को निर्णय :- राष्ट्रिय भूमी आयोगको प्रयोजनार्थको लागी नेपालगंज उप-महानगरपालिका नगरकार्यपालिकाको च.नं. ४०६५, मिति २०७९/१२/२० गतेको प्राप्त पत्रानुसार हाल ने.ग.उ.म.न.पा. वडा नं. ४ शहरी क्षेत्रभित्र पर्ने भएकोले शहरी क्षेत्र निर्धारण गर्ने निर्णय गरियो ।

४. वडा नं. ६ को निर्णय :- राष्ट्रिय भूमी आयोगको प्रयोजनार्थको लागी नेपालगंज उप-महानगरपालिका नगरकार्यपालिकाको भूमिहिन दलित भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी सेवा केन्द्र बाट यस वडाको क्षेत्रलाई शहरी र ग्रामिण क्षेत्रमा वर्गिकरण गरी पठाईदिने सम्बन्धको पत्रमाथी बुझ्दा यस वडाको सम्पूर्ण क्षेत्रलाई शहरी क्षेत्र कायम गर्ने सर्वसम्मत निर्णय गरियो ।

५. वडा नं. ८ को निर्णय :- माथि छलफल गर्दा यस नेपालगंज उप-महानगरपालिका नगरकार्यपालिकाको प.सं. २०७९/८०, भूमिहिन दलित भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी सेवा केन्द्र, च.नं.

नेपालगंज उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय नेपालगंज, बाँके लुम्बिनी प्रदेश

## मिति २०८०/०३/२२ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

४०६५, मिति २०७९/१२/२० को निर्णय गरी पठाईदिने विषयको पत्र प्राप्त भएकोमा सो सम्बन्धमा यस नेपालगंज उप-महानगरपालिका वडा नं. ८ को सम्पूर्ण क्षेत्रलाई शहरी क्षेत्र निर्धारण गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

६. वडा नं. ९ को निर्णय :- नेपालगंज उप-महानगरपालिका वडा नं. ९ को सम्पूर्ण क्षेत्र शहरी क्षेत्र निर्धारण गर्ने निर्णय गरियो ।

७. वडा नं. ११ को निर्णय :- नेपालगंज उप-महानगरपालिका नगरकार्यपालिकाको च.नं. ४०६५, मिति २०७९/१२/२० गतेको पत्रद्धारा राष्ट्रिय भूमी आयोगको प्रयोजनार्थ तहाँ वडाको सिमाना भित्र पर्ने क्षेत्रलाई शहरी तथा ग्रामिण क्षेत्र वर्गिकरण गरी वडा समितिको निर्णय उपलब्ध गराईदिनु भन्ने ब्यहोराको पत्रनुसार छलफल गर्दा यस वडाको सम्पूर्ण क्षेत्र शहरी वस्ती भएको तथा ग्रामिण क्षेत्र नरहेको ब्यहोराको विवरण पठाउने निर्णय गरियो ।

८. वडा नं. १३ को निर्णय :- क) बुलबुलिया पुरानो वडा नं. १७ को सिमाना देखि लालपूर्वा चोक पूर्व गुडडु इट्टा भट्टा सम्मको मेन पक्की सडकको दायाँ बाँया ५० मिटर शहरी क्षेत्र र सिक्टा सिचाईको नहर बाटोमा २० मिटर दाँया बाँया शहरी क्षेत्र ।

ख) उदयपुर बाटोको गुडडु इट्टा भट्टा देखि पूर्वको सम्पूर्ण जग्गा कृषि क्षेत्र ।

ग) उदयपुर मेन सडक देखि ओम प्लाई बोर्ड उद्योग जाने बाटोको दाँया बाँया २० मिटर ।

घ) उदयपुर मेन सडक देखि १३ नं. वडा कार्यालय हुँदै लोधइगाउँ सम्मको बाटोको दाँया बाँया २० मिटर ।

९. वडा नं. १९ को निर्णय :- क) सहरी क्षेत्र : यस वडाको आलानगर हुँदै सोल्टी होटेल देखि वडा नं. १८ र २२ को सिमाना सम्मका क्षेत्रहरु बाट दाँया बाँया ५०/५० मिटर भित्र पर्ने सम्पूर्ण क्षेत्र ।

ख) ग्रामिण क्षेत्र : माथि उल्लेखित शहरी क्षेत्र अन्तर्गत तोकिएका क्षेत्र बाहेकको सम्पूर्ण क्षेत्र ग्रामिण क्षेत्रमा पर्ने ।

१०. वडा नं. २२ को निर्णय :- क) सहरी क्षेत्र : हुलाकी राजमार्ग तथा राप्ती पथको क्षेत्र र साविक वडा नं. २ र ४ को क्षेत्र ।

ख) ग्रामिण क्षेत्र : उल्लेखित क्षेत्र बाहेकको अन्य क्षेत्र ।

११. वडा नं. २३ को निर्णय :- नेपालगंज उप-महानगरपालिका नगरकार्यपालिकाको कार्यालय बाट क्षेत्र निर्धारणको लागी निर्णय गरी पठाईदिने भनि च.नं. ४०६५ मिति २०७९/१२/२० गतेको पत्र यस कार्यालयमा प्राप्त हुन आएकोले सो पत्रको सम्बन्धमा छलफल गर्दा ने.ग.उ.म.न.पा. वडा नं. २३ लाई ग्रामिण क्षेत्र निर्धारण गर्नका लागी नेपालगंज उप-महानगरपालिका नगरकार्यपालिकाको कार्यालयमा निर्णय सहित पठाउने निर्णय गरियो ।

नेपालगंज उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय नेपालगंज, बाँके लुम्बिनी प्रदेश २०७३